# बारबर्दिया नगर स्वास्थ्य ऐन, २०७६

**प्रस्तावनाः**

बारबर्दिया नगरवासीहरुलाई संविधान प्रदत्त स्वास्थ्य सम्वन्धी हक कायम गराउन र"नेपालको संविधानको धारा ५७ को उपधारा (४) को अनुसूची-८ को क्र.सं ९ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा २ (भ) मा व्यवस्थित काम कर्तव्य र अधिकारको प्रयोजनको लागि र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ (भ) वाट बारबर्दिया नगरपालिकाले पाएको अधिकार प्रयोग गरी नगरपालिकाको क्षेत्र भित्र र समग्र स्वास्थ्य क्षेत्रको विकासका लागी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल स्वास्थ्य सेवाको गुणस्तरीयता र सेवामा सबैको पहुँच कायम गर्न बारबर्दिया नगरपालिकाको क्षेत्रमा स्थापना भएका र स्थापना हुने स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायमा व्यापक सुधार गर्दै समयानुकूल उच्च प्रविधियुक्त स्वास्थ्य सेवाको विकास, विस्तार गर्न, गराउन स्पष्ट कानूनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार बारबर्दिया नगरपालिकाको नगरसभावाट बारबर्दिया नगरपालिकाको नगर स्वास्थ्य ऐन, २०७६ जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क)यस ऐनको नाम बारबर्दिया नगर स्वास्थ्य ऐन, २०७६ रहेको छ ।

(ख)नगरसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(१) "ऐन" भन्नाले बारबर्दिया नगर स्वास्थ्य ऐन, २०७६ लाई सम्झनु पर्दछ ।

(२) "संघीय ऐन" भन्नाले संघीय संसदले बनाएको स्वास्थ्य सम्बन्धी ऐनलाई बुझ्नु पर्दछ ।

(३) "कार्यपालिका" भन्नाले बारबर्दिया नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(४) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय तथा सरकारी स्वामित्वमा संचालित अन्य स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(५)"सामुदायिक वा गैरसरकारी स्वास्थ्य संस्था भन्नाले सामुदायिक स्वामित्वमा, ट्रष्ट, लोककल्याणकारी संस्थाहरु तथा गैरनाफामुलक गैरसरकारी संस्था मार्फत सञ्चालन भएका स्वास्थ्य सेवा प्रदायक संस्थालाई सम्झनु पर्दछ ।

(६)"निजी" भन्नाले निजि क्षेत्रबाट नाफाको समेत उद्देश्य राखी संचालित स्वास्थ्य सेवा प्रदायक संस्थासम्झनु पर्दछ ।

(७) "सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले ऐनको दफा १३ अन्तर्गत गठित स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(८) "अनुगमन समिति" भन्नाले दफा ९ अनुसार नगरपालिकामा गठित स्वास्थ्य अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(९) ''सिकलसेल उपचार तथा व्यवस्थापन केन्द्र" भन्नाले दफा २५ बमोजिम स्थापित हुने केन्द्रलाई सम्झनु पर्दछ ।

## परिच्छेदः २
## स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था

३.नगरभित्रका सरकारी स्वामित्वका स्वास्थ्य संस्थाबाट आधारभुत स्वास्थ्य सेवा निशुल्क उपलब्ध हुनेछ ।

४.सामुदायिक, गैरसरकारी तथा निजि क्षेत्रले स्वास्थ्य सेवा प्रवाह गर्न नगरपालिकाबाट स्विकृती लिनुपर्नेछ ।

५. **नगर स्वास्थ्य समिति गठन, काम, कर्तव्य र अधिकार**

१. नगरपालिका क्षेत्रभित्र समग्र स्वास्थ्य क्षेत्रको समन्वय,व्यवस्थापन,सुधार,निति निर्माण स्वास्थ्य क्षेत्रको विकास गर्न देहाय बमोजिम नगर स्वास्थ्य समितिको गठन गरिनेछ ।

(क) नगर प्रमुख - अध्यक्ष

ख) नगर उपप्रमुख_सदस्य

(ग) सामाजिक बिकास समितिको संयोजक-सदस्य

(घ) स्वास्थ्य क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी नगर प्रमुखले तोकेको १ जना- सदस्य

(ङ) महिला स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(च) स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना - सदस्य

(छ) कार्यपालिकाको निर्वाचित सदस्यहरु मध्येवाट कार्यपालिकाले तोकेको १ जना दलित महिला सहित २ जना-सदस्य

(ज) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(झ) स्वास्थ्य क्षेत्रमा सेवा प्रवाह गरिराखेका सामुदायिक,निजि,गैरसरकारी क्षेत्रबाट - १ जना सदस्य

(ञ) नगर अस्पतालको प्रमुख -सदस्य

(ट) योजना,अनुगमन तथा प्रशासन शाखा प्रमुख _सदस्य

(ठ) नगरपालिको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

२. नगर स्वास्थ्य समितिले आमन्त्रीत सदस्यको रुपमा स्थानिय सुरक्षा प्रमुख, र स्वास्थ्य क्षेत्रका विभिन्न विषयका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३. समितिले आवश्यक ठानेमा जनस्वास्थ्य क्षेत्रसँग सम्बन्धित कुनै व्यक्ति वा संस्थालाई समितिको बैठकमा विशेषज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(६) **नगर स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :**

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य योजना तयार गर्ने ।

(ख) नगरपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी नगरपालिकालाई सिफारिस गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(घ) स्वास्थ्य सस्थाहरुको लागि आवश्यक साधन स्रोत जटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्यसंस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सुचि अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) नगरकार्यपालिकालाई स्वास्थ्य क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) नगर स्वास्थ्य समितिका अन्य काम, कर्तव्य र अधिकार नियमावली, कार्यविधीमा तोकिए बमोजिम हुनेछ ।

**७. समितिको बैठक र निर्णय सम्बन्धमा :**

(क) समितिको वैठक चौमासीक रुपमा बस्नेछ । आवश्याकता अनुसार समितिको अध्यक्षको निर्देशनमा सदस्य-सचिवले कुनैपनि बेला बैठक बोलाउन सक्नेछ ।

(ख) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना समितिको सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(ग) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(घ) गणपूरक संख्या नपुगी बैठक बस्न नसकेमा दोस्रो पटक ५० प्रतिशत उपस्थित भएमा गणपूरक संख्या मानिनेछ ।

(ङ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(च) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(छ) सेवा सुविधा तोकिए वमोजिम हुनेछ ।

(ज) दफा ५ अन्तर्गतका कुनै सदस्यहरूले पदीय आचरण पालन नगरेको अवस्थामा जुनसुकै समयमा पनि बहुमत सदस्यले समितिको अध्यक्ष मार्फत कार्यपालिकालाई जानकारी दिई पदवाट हटाउन सकिनेछ । तर त्यसरी हटाउनु पूर्व नीजलाई मनासिब माफिकको सफाइ दिने अवसर प्रदान गरिनेछ । नीजलाई सदस्यबाट हटाउनु पर्ने कारण देखिएमा कार्यपालिकाको बहुमत सदस्यको निर्णयबाट हटाउन सकिनेछ ।

**८. नगरपालिकाको स्वास्थ्य शाखा प्रमुखको व्यबस्था :**

(१) नगरपालिकामा स्वास्थ्य शाखा हेर्न स्वास्थ्य प्राविधिक मध्येबाट तहगत वरिष्ठताका आधारमा कार्यपालिकाले तोकेको एकजना हे.ई (Health Inspection) समुहको स्वास्थ्य शाखा प्रमुख हुनेछ । तर समान तहको हकमा संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बनाएको मापदण्ड बमोजिम हुनेछ ।

(२) स्वास्थ्य शाखा प्रमुखको काम, कर्तव्य र अधिकार कार्यविधीमा उल्लेख भएकोमा बाहेक देहाय बमोजिम हुनेछ :

क) स्वास्थ्य सेवा सम्बन्धी स्थानीय योजना निर्माण गर्ने ।

(ख) कार्यपालिका तथा नगरसभाबाट पारित ऐन कानून, नीति नियम कार्यान्वयन गर्न, गराउन क्रियाशिल रहने ।

(ग) नगरपालिकाको स्वास्थ्य सेवा संग सम्वन्धित कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

(घ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवशायको तथ्याङ्क अद्यावधिक गरी गराई कार्यपालिका, प्रदेश तथा संघमा नियमित रुपमा पठाउने, अद्यावधिक गर्ने गराउने ।

(ङ)स्वास्थ्य संस्था सञ्चालन तथा कार्यक्रम कार्यान्वयनका लागि श्रोतको पहिचान संकलन र उपलव्ध स्रोतको यथोचित बाँडफाँड गर्ने गराउने,

(च) नगरपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरुको नक्साङ्कन गरी सोको आधारमा स्वास्थ्य संस्था खोल्न तथा स्वास्थ्य व्यवशाय सञ्चालन गर्न अनुमति प्रदान गर्न, सेवा विस्तार एवं थप गर्न कार्य योजना वनाई स्वास्थ्य समिति समक्ष पेश गर्ने र स्विकृत भएपछि कार्यान्वयन गर्ने गराउने ।

(छ) स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको व्यवस्थापन गर्ने, स्वास्थ्य संस्थामा कर्मचारीको पदस्थापन सम्बन्धी कार्यका लागि सिफारिस गर्ने ।

(ज) स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको विदाको अभिलेख अद्यावधिक गर्ने ।

(झ)स्वास्थ्य सेवाको गुणस्तर बढाउन स्वास्थ्य संस्था, व्यवस्थापन समिति, तथा अन्य सरोकारवालाहरूको नियमित रुपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने,

(ञ) नगरपालिकाको स्वास्थ्य समितिको सचिवालयको रुपमा कार्य सम्पादन गर्ने, गराउने ।

(ट) स्वास्थ्य सेवा संग सम्बन्धीत तथा आफ्नो पदिय कार्य गर्दा प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही कार्य सम्पादन गर्ने, गराउने ।

ठ) शाखा प्रमुखको कार्य सहजताको लागि आवश्यकता अनुसार शाखामा स्वास्थ्य संस्थाका कर्मचारीलाई काजमा लिई काममा लिई काममा लगाउन सकिनेछ ।

**९. नगर स्वास्थ्य अनुगमन समिति गठनः**

(१) नगरपालिका क्षेत्रभित्र रहेका सबै स्वास्थ्य संस्थाहरुको अनुगमन गर्न नगर स्तरमा एक स्वास्थ्य अनुगमन समिति हुनेछ जसको गठन देहाय बमोजिम हुनेछ ।

(क) नगर उप प्रमुख-अध्यक्ष

(ख) सामाजिक बिकास समितिको संयोजक - सदस्य

(ग) नगर सभाका सदस्यहरूमध्येबाट अध्यक्षले तोकेको एकजना दलित सहित २ जना महिला -सदस्य

(घ) प्रमुख प्रशाकीय अधिकृत वा योजना, प्रशासन तथा अनुगमन शाखा प्रमुख - सदस्य

(ङ) सरकारी वा सामुदायिक स्वास्थ्य संस्थाका प्रतिनिधि मध्येबाट अध्यक्षले तोकेको एकजना -सदस्य

(च) नगरभित्रका स्वास्थ्य व्यवसायी संघसंस्थाहरुमध्येबाट अध्यक्षले मनोनित गर्ने प्रमुख वा प्रतिनिधि एक जना -सदस्य

(छ) स्थानीय उपभोक्ता हित संरक्षण मंचको प्रमुख वा प्रतिनिधि एक जना-सदस्य

(ज) नगरपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

**१०**. नगर स्वास्थ्य अनुगमन समितिको काम, कर्तव्य र अधिकारः- नगर स्वास्थ्य अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**११. नगरपालिका स्वास्थ्य गुणस्तर सुनिश्चितता समिति गठन :**

नगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहलाई गुणस्तरियता कायम गर्न नगर स्तरमा स्वास्थ्य गुणस्तर सुनिश्चितता समितिको गठन गरिनेछ । यस समितिको गठन देहाय बमोजिम हुनेछः

क).नगर स्वास्थ्य समिति सदस्य मध्येबाट नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य: अध्यक्ष
ख).नगरकार्यपालिका रहेको वडाको अध्यक्ष-सदस्य
ग).एक जना दलित महिला सहित दुई जना नगर सभाका निर्वाचित महिला सदस्य- सदस्य
घ.प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी- सदस्य
ङ सामाजिक विकास समितिको संयोजक-सदस्य
च.मेडिकल अधिकृत वा नर्सिङ प्रतिनिधि- सदस्य
छ.उपभोक्त तथा सेवाग्राही मध्येबाट नगर प्रमुखबाट मनोनित १ जना प्रतिनिधि- सदस्य
ज.स्वास्थ्य सेवाको गुणस्तरमा कार्यरत गैर सरकारी संघ संस्थामध्येबाट १ जना प्रतिनिधि- सदस्य
झ.नगर स्वास्थ्य शाखामा कार्यरत नर्सिङ कर्मचारी_ सदस्य
ञ. स्वास्थ्य शाखाको प्रमुख- सदस्य सचिव

**१२**. नगर स्वास्थ्य गुणस्तर सुनिश्चितता समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ। साथै समितिको बैठक सम्बन्धित क्षेत्रको दक्ष विज्ञलाई आमन्त्रित गर्न सकिनेछ।

१३. नगर अस्पताल र अन्य **स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार**

(१) नगर अस्पताल संचालन तथा ब्यवस्थापनका लागि नगर प्रमुख संरक्षक रहेको देहाय बमोजिम नगर अस्पताल संचालन तथा ब्यवस्थापन समिति रहनेछ।

क) नगरपालिका भित्र बसोवास गर्ने कम्तिमा स्नातक तह उत्तीर्ण, सामाजिक क्षेत्रको अनुभवी, मध्येबाट कार्यपालिकाले मनोनित गरेको ब्यक्ति-अध्यक्ष
ख) कार्यपालिकाबाट मनोनित समाजसेवि लब्धप्रतिष्ठित १ जना दलित सहित २ जना महिला - सदस्य
ग) नगर स्वास्थ्य शाखा प्रमुख-सदस्य
घ) नगर अस्पतालको प्रमुख-सदस्य सचिव

(२) नगर अस्पताल ब्यवस्थापन समितिले आमन्त्रीत सदस्यको रुपमा स्थानिय सुरक्षा प्रमुख र विषयगत विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**१४.**प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र र आयुर्वेद औषधालय सञ्चालन तथा ब्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक स्वास्थ्य संस्थाको छुट्टाछुट्टै संचालन तथा ब्यवस्थापन समिति गठन गरिनेछ। उक्त सञ्चालन तथा ब्यवस्थापन समितिको संरक्षक नगर प्रमुख रहनेछ।

(१) सम्वन्धित वडाको वडाध्यक्ष-अध्यक्ष
(२)सम्वन्धित वडाका निर्वाचित महिलाबाट समितिले मनोनित गरेको ब्यक्ति -उपाध्यक्ष
(३) स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयको महिला प्रधानाध्यापक वा महिला शिक्षक-सदस्य
(४) सम्बन्धित वडाको वडा सचिव -सदस्य
(५) समितिबाट मनोनित गरेको स्थानीय ब्यापार संघको प्रतिनिधि -सदस्य

(६) समितिबाट मनोनित स्थानीय महिला स्वास्थ्य स्वयं सेविकाबाट १ जना-सदस्य
(७) सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख-सदस्य सचिव

(ज) बैठकमा निम्न बमोजिम क्षेत्रको अनिवार्य प्रतिनिधित्व रहने गरी सदस्यहरु आमन्त्रित गर्नुपर्नेछ ।

| | |
|---|---|
| क. दलित/जनजातिबाट | - १ जना |
| ख. अपांग, अशक्त वा जेष्ठ नागरिकहरुमध्येबाट | - १ जना |
| ग. किशोरकिशोरीहरुको तर्फबाट | - १ जना |

**(१५) स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार निम्नानुसार हुनेछन :**

(१)आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा पेश गर्ने ।

(२) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(३) वार्षिक समीक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम सञ्चालन गर्ने ।

(४) स्वास्थ्य घुम्ती शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(५) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(६) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा (Basic Health Care Package) प्रबाह र सेवाको न्यूनतम मापदण्ड (Minimum Service Standard) कार्यान्वयनको सुनिश्चितता गराउने ।

(७) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (झ) मा भएको नगरपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसंग सम्बन्धित (बुंदा १ देखि १२) कार्यकमहरुको आफ्नो कार्यक्षेत्र भित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने ।

(८) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ (ख) मा उल्लेखित संघ तथा प्रदेश कानूनको अधिनमा नगरपालिकाका काम कर्तब्य र अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यकमहरु (बुंदा १ देखि १७) आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने ।

(९)स्वास्थ्यको बृहत् सामाजिक निर्धारक तत्वहरुको (Wider Social Determinants of Health) कारणवारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारवाट मानिसको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरुको पहिचान गर्ने र सर्ने तथा नसर्ने रोगहरुवाट वच्न जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु लागु गर्न नेतृत्व प्रदान गर्ने ।

(१०) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडी परेका वर्ग, गरीव र सिमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने ।

(११) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायकर स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित बातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(१२) स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, सेवा प्रदायकहरुको कार्यसम्पादन र यसको उपयोगिताको नियमित समीक्षा तथा मूल्यांकन गरी पुरस्कृत समेत गर्ने ।

(१३)स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण, फर्निचर) को लागि स्वास्थ्य संस्थाको नियमित स्व–मूल्यांकनका आधारमा आवश्यक स्थानीय बित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस, पैरवी गर्ने ।

(१४) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने । रेकर्डिङ्ग तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने र सोको प्रतिवेदन सम्बन्धित निकायमा पठाउने ।

(१५)स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(१६) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(१७) विद्युतीय स्वास्थ्य (e-Health) को अवधारणालाई स्थानीय स्तरमा विकास गरी क्रमशः लागु गर्दै जाने । सोको कार्यान्वयनका लागि नगरपालिका अन्तर्गतका नगरपालिका स्वास्थ्य समिति र स्वास्थ्य शाखा संग आवश्यकसमन्वय गर्ने ।

(१८) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(१६) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल पाँच वर्षको हुनेछ ।

(१) व्यवस्थापन समितिको कार्यकाल समाप्त भएपछि नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाल व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नुपर्नेछ ।

(२) पदभार हस्तान्तरण नभएमा वा नयाँ व्यवस्थापन समिति गठन हुन नसकेमा व्यवस्थापन समितिको गठन नगर स्वास्थ्य समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

(३) कुनै पनि व्यक्ति एक भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्नेछैन । तर पदेन सदस्यको हकमा यो लागु हुनेछैन ।

(४) कुनै पनि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी नगरपालिकाको स्वास्थ्य समितिले कारण सहित कार्यपालिकामा सिफारिश गरेमा सोको कारण खुलाई कार्यपालिकाले तोकिएको प्रक्रिया पुरा गराई स्वास्थ्य

संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई विघटन गर्नसक्नेछ । तर यसरी विघटन गर्नु अघि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ ।

(१७) दफा(१६) उपदफा (४) बमोजिम स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन भएपछि अर्को समिति गठन नभएसम्म सो समितिको काम कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

(१८) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी अन्य व्यवस्था कार्यविधीमा तोकिए बमोजिम हुनेछ :

**(१९) बैंक खाता सञ्चालनः**

(१)हरेक स्वास्थ्य संस्थाले आफ्नो बैंकं खाता खोल्न सक्नेछ ।

(२) स्वास्थ्य संस्थाको वैंक खाता ब्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) उपदफा (२) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी ब्यवस्था

### २०. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड

(१) अस्पताल : नगरपालिका क्षेत्रभित्र १५(पन्ध्र) शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न नगरकार्यपालिकाले अस्पताल सञ्चालन सम्वन्धी निर्देशिका बनाई सञ्चालन गर्नेछ ।

(२) नगरपालिकाले प्रत्येक वडामा कम्तीमा एउटा स्वास्थ्य संस्था स्थापना गरि संचालन गर्नेछ ।

(क) नगरपालिकाले तोकिएको न्यूनतम मापदण्ड बमोजिमको दरबन्दी संरचना रहनेछ ।

(ख)कार्यपालिकाले तोकिएको न्युनतम मापदण्ड अनुसारको भौतिक संरचना,औषधी,औषधीजन्य सामाग्री तथा औजार,उपकरणको ब्यवस्था गर्नुपर्नेछ ।

(३) नगरपालिका क्षेत्र भित्र आयुर्वेद, प्राकृतिक चिकित्सा, योग, ध्यान लगायतका वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा नगरपालिका आफैंले कम्तीमा एउटा आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नेछ ।

### २१. निजी क्षेत्रले अस्पताल, पोलिक्लिनिक, मेडिकल, प्रयोगशाला,फार्मेसी सञ्चालन गर्न सक्नेः

(१) नगरपालिका क्षेत्रभित्र निजी,गैरसरकारी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल पोलिक्लिनिक, मेडिकल, प्रयोगशाला,फार्मेसी लगायत अन्य स्वास्थ्य सेवा सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी आएमा बढिमा १५(पन्ध्र) शैया सम्मको सञ्चालन अनुमति नगरपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) नगर स्वास्थ्य समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्ने गरी आशय-पत्र प्रदान गर्न नगर कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा नगर कार्यपालिकाले दुई बर्षभित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) उपदफा (४) बमोजिम तोकिएको मापदण्ड पुरा गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ ।

(७) आशयपत्रमा उल्लेख गरिएको समयसीमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान गरिने छैन ।

(८) नगरपालिकाले नगर क्षेत्रमा संचालित सबै निजी स्वास्थ्य संस्थाहरुको अनुगमन कार्यविधी बनाई अनुगमन गर्न सक्नेछ ।

२२. **अस्पताल पोलिक्लिनिक, मेडिकल, प्रयोगशाला, फार्मेसी सञ्चालन गर्न आवश्यक मापदण्डः** नगरपालिकाको स्वीकृतिमा सञ्चालन हुने अस्पतालहरुले तोकिएको मापदण्ड पुरा गर्नुपर्नेछ ।

**२३. मापदण्ड पूरा नगरेमा सजाय हुनेः**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, तोकिए बमोजिम जरिवाना गराउने तथा स्वीकृति खारेजीको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव असिष्टेण्ट वा टेक्निसियन बाहेकका ब्यक्तिले रगत, दिसापिसाब, खकार लगायतको परीक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखिनेछ ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र फार्मेसी प्राविधिक बाहेक अरुले औषधी बेचेको पाइएमा तोकिए बमोजिम जरिवाना गरी अनुमति खारेज गर्न सकिनेछ ।

२४. **सहुलियत र छुटको ब्यवस्था गर्नुपर्नेः** निजी लगानी र ट्रष्ट मार्फत् सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले कूल शैयाको कम्तीमा १० प्रतिशत शैया नगरपालिकाको सिफारिसमा तोकिए बमोजिमका सेवाग्राहीहरुका लागि निःशुल्क सेवाका लागि छुट्याउनु पर्नेछ ।

## परिच्छेदः ४
## सिकलसेल रोग सम्बन्धी व्यवस्था

**२५. सिकलसेल उपचार तथा व्यवस्थापन :**

(१)सिकलसेल रोग निदान, उपचार,रोकथाम तथा व्यवस्थापनका लागि नगरकार्यपालिकाले तोकिए बमोजिम सिकलसेल उपचार तथा व्यवस्थापन केन्द्र स्थापना र संचालन गर्न सक्नेछ ।

२) बारबर्दिया नगर सभाबाट स्विकृत दरबन्दी संरचना अनुसारको जनशक्ति रहनेछ । जनशक्ती सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३) सिकलसेल उपचार तथा व्यवस्थापन केन्द्रबाट सेवा प्रवाहका लागि आवश्यक न्युनतम स्रोतको व्यवस्थापन नगरकार्यपालिकाले गर्नेछ ।

४) सिकलसेल निदान, उपचार तथा व्यवस्थापन सम्वन्धी सेवा शुल्क र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेदः ५
## जनशक्ति सम्बन्धी व्यवस्था

**२६.** नगरपालिका क्षेत्र भित्रका सरकारी,सामुदायिक,निजि तथा गैरसरकारी क्षेत्रबाट संचालित स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरु सम्वन्धित व्यवसायी परिषदमा अनिवार्य दर्ता भएको हुनुपर्नेछ ।

**(२७)** नगरपालिका क्षेत्र भित्र कुनै ब्यक्ती वा संस्थाले स्वयंसेवक भई कार्य गर्न चाहेमा नगरपालिकाको पुर्व स्विकृती लिई सेवा प्रदान गर्नुपर्नेछ । तर प्राविधिक जनशक्तीको हकमा ऐनको दफा(२६) बमोजिम हुनुपर्नेछ ।

**(२८)** स्वास्थ्य संस्थामा समायोजन भई कार्यरत कर्मचारीहरु नेपाल सरकारले गरेको निर्देशन र कर्मचारी समायोजन ऐन बमोजिम हुनेगरी व्यवस्था गरिनेछ ।

**(२९)** स्थानिय स्रोतबाट करारमा भर्ना गरि कार्यरत कर्मचारीको सेवा, सर्त र सुविधा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**(३०)** स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत बिद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा आर्जन गरेका बिद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले खटाउन सक्नेछ ।

**(३१)**स्वास्थ्यकर्मीहरुको सेवा सुविधा कानूनमा तोकिए वमोजिम हुनेछ ।

**(३२)**अभ्यासकर्ता स्वास्थ्यकर्मीहरुले तोकिएको प्रकृया पुरा गरि नगरपालिकाबाट अनुमति लिएर मात्र अभ्यास गर्न पाइनेछ ।

**(३३) महिला स्वास्थ्य स्वयं सेविका सम्वन्धी ब्यबस्थाः** स्वास्थ्य सेवालाई घरघरको पहँचुमा पुऱ्याउन र जनचेतना फैलाउन नगरपालिकाले सम्वन्धीत टोल वा वार्डको स्वास्थ्य आमा समुहको सिफारिसमा देहायको योग्यता पुरा गरेका महिलालाई स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिले मान्यता प्रदान गर्नेछ ।

(क) महिला स्वास्थ्य स्वयं सेविका सिफारिसका लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेका सम्वन्धित कार्यक्षेत्रमा बसोवास गर्ने विवाहित नागरिक हुनुपर्नेछ ।

(ख) एउटा टोलमा बढीमा १००० जनसंख्या सम्मका लागि १ जना महिला स्वास्थ्य स्वयंसेविकाको सिफारिस स्वास्थ्य आमा समुह र वडा समितिले नगरपालिका समक्ष गर्नसक्नेछ ।

(ग) प्रत्येक महिला स्वास्थ्य स्वयं सेविकालाई आधारभुत स्वास्थ्य सम्वन्धी १८ दिनको तालिम प्रदान गर्नुपर्नेछ ।

(घ) साठी बर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई तोकिएको प्रोत्साहन भत्ताको व्यवस्था गरी बिदाइ गरिनेछ । नयाँ महिला स्वास्थ्य स्वयं सेविका छनौट गर्दा कम्तीमा एसईई शिक्षा वा सो सरहको शैक्षिक योग्यता पुगेकालाई मात्र छनौट गर्नुपर्नेछ ।

(ङ) महिला स्वास्थ्य स्वयम सेविका छनौट गर्दा वस्तीहरुको वितरण र जनसंख्याको आधार मान्नु पर्नेछ ।

(च) कुनै पनि संस्थामा कार्यरत तलवी कर्मचारी, शिक्षक, निर्वाचित जनप्रतिनिधि, कार्यक्षेत्र भन्दा बाहिर बसोबास गर्ने महिलाहरुले स्वास्थ्य स्वयं सेविकाको रुपमा कार्य गर्न पाइने छैन ।

(छ) प्रत्येक ५ वर्षमा स्वास्थ्य आमा समुहको अनुरोध र वडा समितिको सिफारिसमा ६० वर्षको उमेरसम्म आफनो सेवा प्रदान गर्न सक्नेछन् ।

(ज) महिला स्वास्थ्य स्वयं सेविकालाई तोकिए बमोजिम पोशाक भत्ता, सञ्चार तथा यातायात खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको तोकिए बमोजिमको सुविधा, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाइएको समयमा दिइने सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

३४. **स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्तिः** सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको न्यूनतम दरवन्दी नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ र आवश्यकताको आधारमा नगर कार्यपालिकाले थपघट गर्नेछ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहनेछन् । समायोजन भई नआएमा,दरवन्दी रिक्त रहेमा वा थप कमर्चारी आवश्यकता परेमा नगरपालिकाले कर्मचारी करार सेवामा लिन सक्नेछ ।

३५. **कर्मचारी सरुवाः** स्वास्थ्यकर्मीहरुको बारबर्दिया नगरपालिका भित्रका स्वास्थ्य संस्थामा आन्तरिक सरुवा स्वास्थ्य शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतवाट हुनेछ ।

३६. **काजमा खटाउन सक्ने** : यदि कुनै स्वास्थ्य संस्थामा कर्मचारी रिक्त भई वा लामो तालिममा जानुपर्ने अवस्था आई सेवानै अवरुद् हुने स्थिति आएमा नगरभित्रको अर्को स्वास्थ्य संस्थाबाट त्यो अवधिभर स्वास्थ्यकर्मी काजमा खटाई सेवा नियमित संचालन गर्नसक्नेछ ।

३७. **कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन सेवा प्रवाह चुस्त दुरुस्त गर्न देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(१) प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुख समक्ष,स्वास्थ्य शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृत समक्ष, स्वास्थ्य शाखाका अन्य कर्मचारी तथा स्वास्थ्य संस्थाका प्रमुखहरुले

स्वास्थ्य शाखा प्रमुख समक्ष र स्वास्थ्य संस्थाका अन्य कर्मचारीले स्वास्थ्य संस्था प्रमुख समक्ष कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ ।

(२) कार्यसम्पादन करार सम्झौता १ वर्षको हुनेछ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य नगर स्वास्थ्य अनुगमन समितिले तयार पारी नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**३८. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कारः**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कार्यसम्पादन सन्तोषजनक नभएमा कारण सहित लिखित स्पष्टिकरण लिनु पर्नेछ ।

(२) कार्यसम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय प्रचलित कानुन तथा तोकिए बमोजिम हुनेछ ।

**३९. पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) देहायका अवस्थामा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा स्वास्थ्यकर्मीलाई विभागिय सजायको लागि नगरपालिकाको स्वास्थ्य समितिले कार्यपालिका समक्ष सिफारिश गर्नेछ र सो ब्यवस्था पनि प्रचलित कानुन बमोजिम हुनेछ ।

(क) तोकिए बमोजिम पदीय दायित्व पुरा नगरेमा ।

(ख) विना सूचना लगातार तीस दिनभन्दा बढी समय तोकिएको स्वास्थ्य संस्थामा अनुपस्थित भएमा ।

(ग) स्वास्थ्य संस्थामा धुम्रपान,मद्यपान,सुर्ती तथा सुर्तिजन्य पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा ।

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

(ङ) कार्यालय समयमा अन्यत्र सेवा वा अन्य व्यवसायीक क्रियाकलाप गरेमा ।

(च) राजनैतिक दलको कार्यकारिणी समितिमा रहेको पाइएमा ।

(छ) व्यवसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा

स्पष्टीकरणः यस खण्डको प्रयोजनका लागी कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीय स्तरका कार्यकारिणी समिति सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै स्वास्थ्यकर्मी वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई प्रचलित कानुन बमोजिम हटाउन सक्नेछ, तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिनेछ ।

**४०. अदालतको आदेशबाट पुनःबहाली हुन सक्नेः**

(१) दफा (३९) मा उल्लेख भएका कुनै वा अन्य कुनै कसुर सजाय भै सेवाबाट हटाइएको वा बर्खास्त भएको स्वास्थ्यकर्मी तथा कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र सेवामा पुनःबहाली हुनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनःबहाली भएको स्वास्थ्यकर्मी, वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुनःबहाली भएको मिति सम्मको पुरा तलबभत्ता, तलब बृद्धि तथा अन्य सुविधा पाउन योग्य भए सो समेत पाउनेछ ।

**४१. तलबभत्ता नपाउने र सेवा अवधी गणना नहुनेः** नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्था र दफा ४० को उपदफा (२) वमोजिम बाहेक आफु कार्यरत रहेको स्वास्थ्य संस्थामा अनुपस्थित रहेका र बेतलवी बिदामा रहेका स्वास्थ्यकर्मी तथा कर्मचारी अनुपस्थित अवधीको तलबभत्ता तथा अन्य सुविधा पाउने वा नपाउने तथा सेवा अवधिको गणना समेत प्रचलित कानुनमा ब्यवस्था भए बमोजिम हुनेछ ।

**४२.स्थायी आवासीय अनुमति लिन नहुनेः** नगरपालिकाको स्वामित्व रहेको स्वास्थ्य संस्थामा कार्यरत कुनै स्वास्थ्यकर्मी तथा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन र सोको निवेदन समेत दिन पाईने छैन । स्थायी आवासीय अनुमति लिएका स्वास्थ्यकर्मी तथा कर्मचारीलाई सेवावाट वर्खास्त गरी थप दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

## परिच्छेदः ६

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

**४३. वार्षिक खरिद योजना बनाउनु पर्नेः**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ ।

**४४. औषधी तथा स्वास्थ्य उपकरण खरिदः**

(१)औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिकाले प्रक्रिया अघि वढाउनेछ ।

(२)औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र प्रचलित कानूनहरुको प्रावधान अनुसार गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि विपत तथा माहामारी र आकस्मीक अवस्थामा स्वास्थ्य संस्था र नगरपालिकाले प्रचलित कानुन बमोजिम आन्तरिक श्रोतबाट सोझै खरिद गर्न सक्नेछ ।

**४५. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारणः**

(१) खरिद गरिएको औषधी,स्वास्थ्य उपकरण प्रदेश र संघबाट प्राप्त औषधि तथा उपकरण सुरक्षित भण्डारणको ब्यवस्था गर्न नगरपालिकाले स्वास्थ्य शाखाको एउटा छुट्टै भण्डार कोठाको ब्यवस्थापन गर्नेछ भने हरेक स्वास्थ्य संस्थाले पनि भण्डारण कक्ष बनाउनुपर्नेछ ।

(२) स्वास्थ्य उपकरण र औषधिको खरिद योजना अनुसार गर्नुपर्नेछ । खरिदको परिमाण निर्धारण स्थानिय स्वास्थ्य संस्थाले माग गरे वमोजिम ३०% मा नवढाइकन गर्नुपर्नेछ ।

(३) सम्वन्धित स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको औषधी तथा औषधी जन्य उपकरणको भण्डारण तथा वितरण सम्वन्धी विस्तृत विवरण मासिक रुपमा प्रतिवेदन स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ ।

## परिच्छेद ७
## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

**४६. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने :**

(१) स्थानीय स्तरमा औषधी, सर्जिकल तथा अन्य औजार उपकरण उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

**४७. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनः**

(१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आबश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

## परिच्छेद ८
## महामारी रोकथाम, फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**४८. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई संक्रामक रोग लागेको प्रमाणित भएमा सोको जानकारी २४ घण्टा भित्र नजिकको स्वास्थ्य संस्था वा महिला स्वास्थ्य स्वयं सेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) प्रत्येक नगरवासीले वार्षिक रुपमा स्वास्थ्य परिक्षण गराउने, नगरले संचालन गरेका सम्पुर्ण जनस्वास्थ्य अभियानमा सहभागी हुने दायित्व हुनेछ ।

३) माहामारी नियन्त्रण तथा रोकथामका लागि बारबर्दिया नगरपालिकाले एउटा छुट्टै द्रुत प्रतिकार्य टोली(Rapid Response Team) र आकस्मिक चिकित्सकिय टोली (Emergency Medical Team) गठन गर्ने र त्यस टिमलाई माहामारी र विपतका बेला आवश्यक परिचालन गर्नेछ ।

४) नगरपालिका स्तरमा आपत्कालिन अवस्थामा चाहिन सक्ने औषधी तथा औषधीजन्य सामाग्रीहरुको अत्तिरिक्त भण्डारण (Buffer Stock)को व्यवस्था गर्नुपर्नेछ ।

**४९. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने**

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउनसक्नेछ ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

**५०. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन :**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ बिक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न बन्देज लगाइनेछ ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, स्वास्थ्य संस्था, हाटवजार लगायत सार्वजनिक स्थलहरुको १०० मिटर भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती,सुर्तिजन्य तथा मदिराजन्य पदार्थ बिक्री वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**५१. स्वास्थ्य संस्थाजन्य फोहरमैला व्यवस्थापनः**

(१) नगरपालिका स्वास्थ्य शाखाले स्वास्थ्य संस्थाबाट उत्पन्न हुने स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन गर्न मापदण्ड सहितको निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) नगरपालिका क्षेत्र भित्रका सबै सरकारी,निजि तथा अन्य स्वास्थ्य संस्थाहरुले आप्नो स्वास्थ्य संस्थाबाट उत्पन्न भएको फोहरमैला ब्यवस्थापन गर्नु सम्वन्धीत स्वास्थ्य संस्थाकै दायित्व हुनेछ ।

## परिच्छेद ९
## विविध

**५२. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द स्थापनाका लागि सम्वन्धित वडा र नगरपालिकाबाट सिफारिस लिनु पर्नेछ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन (EIA) गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम तथा वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि नगरपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**५३. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनुपर्नेः** स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले सञ्चालन गरेका अभियानहरुलाई नगरपालिकाले समन्वय गर्नेछ ।

५४. **अनुगमन र नियमनः** परम्परागत स्वास्थ्य सेवा प्रदायकहरु र तीनिहरुले दिने स्वास्थ्य सेवाको समेत अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई नगरपालिकाले अनुगमन र नियमन गर्नेछ ।

**५५. प्रगति विवरण बुझाउनुपर्नेः**

(१) नगर क्षेत्रभित्र संचालित सरकारी,निजि, गैरसरकारी तथा अन्य स्वास्थ्य संस्थाहरले प्रदान गरेको सेवाको विवरण माशिक, चौमाशिक अर्धवार्षिक तथा वार्षिक रुपमा प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएता पनि नगरपालिकाले माग गरेको अवस्थामा तोकिएका विवरणहरु माग गर्ने निकायमा पेश गर्नु सम्वन्धित स्वास्थ्य संस्थाको जिम्मेवारी हुनेछ ।

५६.**साझेदारी सम्वन्धमाः** नगरपालिकाले आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी ब्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र ब्यक्तिहरुसँग बिभिन्न स्वास्थ्य सम्बन्धि कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधि, उपकरण, विशेषज्ञ सीपहरुको सहायता समेत प्राप्त गर्न सक्नेछ ।

**५७. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून वमोजिम जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**५८. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि नगरकार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधीहरु बनाई लागू गर्न सक्नेछ ।

**५९. संक्रमणकालीन व्यवस्थाः** यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको कामको नियमावली, निर्देशिका, कार्यविधी जारी नभए सम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

**६०. बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा- अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर यस्तो आदेश नगरसभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

**६१. दण्ड र सजायः**

१) कसैले सरकारी, समुदायिक, सार्वजनिक गुठीको स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्था तथा स्वस्थ्य सेवा व्यबसायको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई नगर स्वास्थ्य समितिको सिफारीसमा कार्यपालिकाले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्नसक्नेछ ।

२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ :-

(क) उपचार, सेवा र सेवा संग सम्वन्धित विषयको व्यक्तिगत गोपनियता भङ्ग गरेमा,

(ख) स्वास्थ्य परीक्षण उपचार तथा सेवा दिदा लापरवाही, विभेद वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) उपचारमा गलत नियत राखी दुख दिएमा, अमर्यादित कार्य गरेमा,

(घ) कानून विपरितका अन्य कार्य गरेमा ।

३) नगरपालिकाको तथा तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**६२ यसै अनुसार हुनेः**

(१) यो ऐन वा यो ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

**६३. खारेजी र बचाउ :**

(१) यसअघि भए गरेका काम कारवाहीहरु यसै ऐन अनुसार भएको मानिनेछ ।

(२) यसअघि कानून बमोजिम नियुक्त स्वास्थ्यकर्मी, कर्मचारी स्वयं सेवकहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानून बमोजिम दण्ड, सजाय कार्यवाही गर्न बाधा पर्ने छैन ।

(३) यस ऐनमा भएका व्यवस्थालाई संघीय तथा प्रदेश कानूनसँग नबाझिने गरी समयानुकुल परिमार्जन र संशोधन गर्न सकिनेछ ।